नेपाल पत्रकार महासंघ
Federation of Nepali Journalists (FNJ)
केन्द्रीय समिति, सञ्चारग्राम, काठमाडौं, नेपाल

मिति : २०८२।०१।३१

# शोक विज्ञप्ति

पत्रकार फणिदेव महतको ४६ वर्षको अल्पायुमै असामयिक निधन भएको दु:खद् खबरले नेपाल पत्रकार महासंघ स्तब्ध र दु:खी भएको छ ।

करिव दुई वर्षदेखि ब्रेन ट्युमरको उपचार गराइरहेका महतको २०८२ वैशाख ३० गते मंगलबार राति १०:३० बजे काठमाडौंको माइतीघरस्थित अन्नपूर्ण न्यूरो अस्पतालमा निधन भएको हो । स्वर्गीय महतका श्रीमती र दुई छोरा छन् ।

करिव दुई दशकदेखि रौतहटबाट पत्रकारिता गरिरहेका पत्रकार महतले अन्नपूर्ण पोष्ट दैनिक र रेडियो सुप्रिमलगायतका सञ्चारमाध्यममा काम गर्नुभएको थियो । उहाँ नेपाल पत्रकार महासंघ रौतहट शाखाका सदस्य हुनुहुन्थ्यो ।

उहाँको निधनले नेपाली पत्रकारिता क्षेत्रले एक कुशल, मेहनती, जुझारु, निडर र उर्जाशील युवा पत्रकार गुमाएको छ भने महासंघले सक्रिय सदस्य गुमाएको छ ।

महासंघ स्वर्गीय पत्रकार महतप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै दिवंगत आत्माको चिरशान्तिको कामना गर्दछ । साथै, शोकको यस घडीमा शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस भन्ने कामनासहित गहिरो समवेदना व्यक्त गर्दछ ।

रामप्रसाद दाहाल
महासचिव

Headquarters, Media Village, Kathmandu, Nepal
Phone : +977-1-5918673/5918763, Fax: +977-1-5914785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org